सर्वोच्च अदालत तथा पुनरावेदन अदालत पाटनमा यु.एस.ए.आइ.डि./नेपालको सहयोगमा मध्यस्थता केन्द्रहरुको उद्घाटन

अमेरिकी राजदूत जेम्स एफ. मोरियार्टीले आज यु.एस.ए.आइ.डि./नेपालको सहयोगमा सर्वोच्च अदालत तथा पुनरावेदन अदालत पाटनमा मध्यस्थता केन्द्रहरुको उद्घाटन भएको घोषणा गर्नुभएको छ। यु.एस.ए.आइ.डि./नेपाल नेपालस्थित अमेरिकी राजदूतावास अन्तर्गतको निकाय हो र यसले नेपालमा विकास तथा मानवीय मामिलाहरुमा सहयोग पुऱ्याउने गरेको छ।

'सर्वोच्च अदालत तथा पुनरावेदन अदालत पाटनमा मध्यस्थता केन्द्रहरुको स्थापना हुनु नेपालमा अदालतसम्बन्धी विषयहरुमा मध्यस्थता सेवाको उपलब्धतालाई साकार रुप दिनेतर्फ एउटा ठूलो कदम हो,' सर्वोच्च अदालतमा आज आयोजित एक संक्षिप्त समारोहमा अमेरिकी राजदूतले भन्नुभयो।

उक्त मध्यस्थता केन्द्रहरु यु.एस.ए.आइ.डि./नेपालको 'कानुनी राज्य तथा न्यायक्षेत्र सुधार कार्यक्रम'अन्तर्गत स्थापित भएका हुन्। यो कार्यक्रम नेपालमा अदालत, सरकारी वकील तथा सार्वजनिक suरक्षाका निकायहरुमा दिइने न्याय प्रशासनमा सुधार, गरीव तथा अधिकारवञ्चित समूदायको न्यायमा पहुँच बृद्धि तथा लोकतान्त्रिक र न्यायिक संरचनाहरुमा सुधारजस्ता विषयमा केन्द्रित रहेको छ। तीनवर्षे उक्त कार्यक्रमको बजेट करिब चालीस करोड रुपैया (५६ लाख अमेरिकी डलर) बराबरको रहेको छ।

मध्यस्थताले झगडालु पक्षहरुलाई आफ्ना विवादहरु छिटो र कम खर्चमा सुल्झाउन सहयोग पुऱ्याउँछ। यी केन्द्रहरु यु.एस.ए.आइ.डि./नेपालको सहयोगमा सञ्चालित मध्यस्थता तालिम कार्यक्रमको पूरक कार्यक्रमको रुपमा स्थापित भएका हुन्। यी मध्यस्थता केन्द्रहरुमा भरखरै तालिमप्राप्त ८० मध्यस्थताकर्ताहरुले सेवा पुऱ्याउनेछन्। यी केन्द्रहरु अदालतमा मध्यस्थताको प्रक्रिया शुरु गर्ने र टुंगोमा पुऱ्याउने कामको प्रबन्ध गर्न प्रत्यक्ष रुपमा उपलब्ध रहनेछन्। यु.एस.ए.आइ.डि./नेपाल, अमेरिकी गैरसरकारी संस्था ARD, अदालतहरु, नेपाल बार एसोसिएसन तथा उद्योग बाणिज्य महासंघको अग्रसरतामा यी मध्यस्थता केन्द्रहरु स्थापना भएका हुन्।

USAID | नेपाल
अमेरिकी जनताबाट

अमेरिकी सरकारले अन्य देशका जनताहरुको जीवनस्तर सुधार्नका लागि अमेरिकी जनताबाट प्राप्त हुने सहयोगलाई यु.एस.ए.आइ.डि.का माध्यमबाट उपलब्ध गराउने गरेको छ। यस्ता सहयोगहरु प्राकृतिक प्रकोप पीडितलाई उद्धार गर्नेदेखि लिएर स्वतन्त्र र लोकतान्त्रिक राष्ट्र निर्माणसम्मका कार्यहरुमा प्रदान गरिन्छन्। यु.एस.ए.आइ.डि./नेपालले विगत ५५ वर्षदेखि नेपाली जनतालाई द्वन्द्व न्यूनीकरण, शान्ति स्थापना, लोकतन्त्र, सुशासन, स्थास्थ्य, परिवार नियोजन, आर्थिक बृद्धि, प्रकोप व्यवस्थापन तथा अन्य मानवीय मामिलाका क्षेत्रमा सहयोग पुऱ्याउँदै आएकोछ।